# प्रदेश राजपत्र

कोशी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड १०) विराटनगर, नेपाल, बैशाख ३० गते, २०८३ साल (अतिरिक्ताङ्क ४

## भाग १

कोशी प्रदेश सरकार

विराटनगर, नेपाल

## आन्तरिक मामिला तथा कानून मन्त्रालयको सूचना

### प्रदेश खेलकुद (पहिलो संशोधन) अध्यादेश, २०८३

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट जारी भएको तल लेखिए बमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

संवत् २०८३ सालको अध्यादेश नं. १

<u>प्रस्तावना:</u> प्रदेश खेलकुद ऐन, २०७६ लाई संशोधन गर्न वाञ्छनीय भएकोले र हाल प्रदेश सभाको अधिवेशन चालू नरहेकोले,

नेपालको संविधानको धारा २०२ को उपधारा (१) बमोजिम कोशी प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा प्रदेश प्रमुखबाट यो अध्यादेश जारी भएको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भ:</u> (१) यस अध्यादेशको नाम **"प्रदेश खेलकुद (पहिलो संशोधन) अध्यादेश, २०८३"** रहेको छ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ।

२. <u>प्रदेश खेलकुद ऐन, २०७६ को दफा ३ मा संशोधन:</u> (१) प्रदेश खेलकुद ऐन, २०७६ (यस पछि मूल ऐन भनिएको) को दफा ३ को,-

(१) उपदफा (२) को खण्ड (ख), (घ) र (ञ) को सट्टा देहायको खण्ड (ख), (घ) र (ञ) राखिएको छः-

"(ख) प्रदेश, राष्ट्रिय तथा अन्तराष्ट्रिय खेल जगतमा महत्वपूर्ण योगदान पुऱ्याएका व्यक्तिहरूमध्येबाट अध्यक्षले मनोनयन गरेका एक महिला सहित दुई जना - उपाध्यक्ष

(घ) प्रदेश, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेल जगतमा ख्याति प्राप्त गरेका व्यक्तिहरू मध्येबाट कम्तीमा पाँच जना महिला सहित अध्यक्षले मनोनयन गरेका फरक-फरक खेल विधाबाट प्रतिनिधित्व हुने गरी बढीमा तेह्र जना - सदस्य

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश

(ञ) प्रदेश खेलकुद विकास बोर्डको सचिव -सदस्य सचिव”

(२) मूल ऐनको दफा ३ को उपदफा (१) को खण्ड (ज) झिकिएको छ।

(३) मूल ऐनको दफा ३ को उपदफा (३) झिकिएको छ।

(४) मूल ऐनको दफा ३ को उपदफा (४) मा “नेपाली सेना” भन्ने शब्दावली पछाडि “कमा (,)” राखी “नेपाल प्रहरी” भन्ने शब्दावली थप गरिएको छ।

३. मूल ऐनको दफा ४ को उपदफा (४) को प्रतिबन्धात्मक वाक्यांश झिकिएको छ।

४. <u>मूल ऐनको दफा ७ मा संशोधनः</u> मूल ऐनको दफा ७ को,-

(१) उपदफा (२) को सट्टा देहायको उपदफा (२) राखिएको छः-

“(२) बोर्डको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा अध्यक्षले तोकेको उपाध्यक्षले बैठकको अध्यक्षता गर्नेछ।”

(२) उपदफा (४) मा रहेको “**तीनपटक**” भन्ने शब्दको सट्टा “**दुईपटक**” भन्ने शब्द राखिएको छ ।

५. मूल ऐनको दफा १० को उपदफा (१) झिकिएको छ।

६. <u>मूल ऐनको दफा ११ मा संशोधनः</u> मूल ऐनको दफा ११ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ।

“(१) यस ऐन बमोजिम अध्यक्षले चार वर्षका लागि सदस्य सचिवको नियुक्ति गर्नेछ।

तर सदस्य सचिवको नियुक्ति नभएको अवस्थामा वा कुनै कारणले सदस्य सचिवको पद रिक्त भएमा अध्यक्षको निर्णयबाट मन्त्रालयको उपसचिवस्तरको कर्मचारीलाई प्रदेश खेलकुद विकास बोर्डको सचिवको रुपमा मन्त्रालयले खटाउन सक्नेछ र त्यस्तो

खटाइएको कर्मचारीले बोर्डको सदस्य सचिवका रुपमा प्रशासनिक तथा आर्थिक लगायतका सम्पूर्ण कार्य गर्ने गराउनेछ।"

७. <u>मूल ऐनको दफा २६ मा संशोधनः</u> मूल ऐनको दफा २६ को सट्टा देहायको दफा २६ राखिएको छः-

"२६. <u>सदस्यको भत्ता तथा अन्य सुविधा सम्बन्धी व्यवस्थाः</u> (१) बोर्ड वा समितिका सदस्यले बैठकमा भाग लिए बापत र स्वदेश वा विदेशमा भ्रमण गर्नु परेमा निजले पाउने दैनिक भ्रमण भत्ता प्रचलित कानून बमोजिम हुनेछ।

(२) बोर्ड र समितिका सदस्यको अन्य सुविधा तोकिए बमोजिम हुनेछ।"

८. <u>मूल ऐनको दफा २७ मा संशोधनः</u> मूल ऐनको दफा २७ को सट्टा देहायको दफा २७ राखिएको छः-

"२७. <u>सदस्य सचिवको पारिश्रमिक, भत्ता र अन्य सुविधाः</u> सदस्य सचिवले बोर्डमा काम गरे बापत नियुक्ति हुँदाका बखत तोकिएको मासिक पारिश्रमिक र भत्ता एवं अन्य सुविधा पाउनेछ।"

९. मूल ऐनको दफा २८ को उपदफा (३) मा रहेको "प्रदेश सरकारले" भन्ने शब्दावलीहरूको सट्टा "मन्त्रालयले" भन्ने शब्द राखिएको छ।

प्रमाणीकरण मितिः- २०८३/०१/३०

आज्ञाले,
अस्मान तामाङ
प्रदेश सचिव



कोशी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगरमा मुद्रित।
**Website: moial.koshi.gov.np**

आन्तरिक मामिला तथा कानून मन्त्रालय, कोशी प्रदेश